# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३१४ | बुटवल | २०८२ मंसिर ०८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday November 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# स्याङ्जामा खेतीयोग्य जमिन घट्दै, फलफूल उत्पादन बढ्दै




**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जा जिल्लाको कुल क्षेत्रफल एक लाख १६ हजार चार सय हेक्टर हो । कुल क्षेत्रफलको कृषियोग्य जमिन ७२ हजार ७३१ हेक्टरमध्ये ५० हजार ३५० मा खेती गरिन्छ भने २२ हजार ३८१ हेक्टर जमिनको क्षेत्रफल बाँझो छ । खेतीयोग्य जमिन बाहेक कुल क्षेत्रफलमा बाँकी रहेको ४३ हजार ६६९ हेक्टर जमिन वनजंगल, बुट्याँन, चरन क्षेत्र हुन् । यही तथ्याङ्क जिल्लास्थित सरकारी निकायले प्रकाशन र वस्तुगत विवरणमा उल्लेख गर्दै आएका छन् ।

त्यही तथ्याङ्कलाई माथ खुवाउने गरी पछिल्लो समय स्याङ्जामा खेतीयोग्य जमिनको क्षेत्रफलसँगै उत्पादन घटेको तथ्याङ्क सार्वजनिक गरिएको छ । कुल खेतीयोग्य जमिन ७२ हजार ७३१ बाट घटेर ३४ हजार ८६१ हेक्टर क्षेत्रफलमा झरेको पछिल्लो आर्थिक वर्ष २०८१/०८२ को तथ्याङ्कमा उल्लेख छ । खेती गरिने जग्गाको क्षेत्रफल ५० हजार ३५० बाट घटेर २८ हजार २८२ हेक्टरमा सीमित भएको छ, तर मुख्य खाद्यान्न बालीसहित फलफूल लगाउने जमिनको क्षेत्रफल भने ३२ हजार ७६९ हेक्टर रहेको सार्वजनिक गरिएको हो ।

जिल्लामा मुख्यबाली बर्खेधान, चैतेधान, मकै, गहुँ, कोदो र दलहन बाली लगाउने जग्गाको क्षेत्रफल र उत्पादनमा गिरावट आएको छ भने आलु, फलफूल, तरकारी, मसला र तेलहन बाली लगाउने जमिनको क्षेत्रफलसँगै उत्पादनमा वृद्धि भएको पछिल्लो आर्थिक वर्षलाई अध्ययन गरेर कृषि ज्ञानकेन्द्र स्याङ्जाले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । आर्थिक वर्ष २०७८/०७९ को तथ्याङ्कले मुख्य बालीतर्फ बर्खेधान १५ हजार १४७ हेक्टरमा ५६ हजार ४३ मेट्रिकटन उत्पादन हुँदै आएकोमा पछिल्लो तथ्याङ्कअनुसार ९ हजार ७२ हेक्टरमा ३६ हजार ५६० मेट्रिकटन धान उत्पादन हुँदै आएको जनाइएको छ । एक हजार २४० हेक्टर क्षेत्रफलमा चार हजार ७१२ मेट्रिकटन उत्पादन हुँदै आएको चैतेधान ६७ हेक्टरमा ३०६ मेट्रिकटन मात्रै उत्पादन हुने गरेको कृषि ज्ञानकेन्द्रका प्रमुख विनोद हमालले बताए ।

मुख्य खाद्यान्नतर्फकै मकै बाली २६ हजार ५१० हेक्टरमा लागउँदा ८४ हजार ८३२ मेट्रिकटन उत्पादन हुने गरेकोमा पछिल्लो समय जिल्लामा १५ हजार ५४४ हेक्टरमा ४९ हजार २७५ मेट्रिकटन उत्पादन हुन्छ भन्ने तथ्याङ्क सार्वजनिक गरिएको छ । पाँच हजार ५६० हेक्टर क्षेत्रफलमा १० हजार मेट्रिकटन उत्पादन हुने गहुँ खेती घटेर दुई हजार ४५० हेक्टर क्षेत्रफलमा ७ हजार ३५० मेट्रिकटनमा सीमित भएको केन्द्रले जनाएको छ ।

१६ हजार ३५० हेक्टर जमिनमा १७ हजार ९८५ मेट्रिकटन कोदो उत्पादन हुँदै आएको जिल्लामा पछिल्लो तथ्याङ्कअनुसार घटेर पाँच हजार ५८३ हेक्टरमा ७ हजार ५९२ मेट्रिकटन उत्पादन हुँदै आएको केन्द्रले जनाएको छ । चार वर्षअघि एक हजार ६ सय हेक्टरमा एक हजार ७४३ मेट्रिकटन उत्पादन हुँदै आएको दलहन बाली पछिल्लो समय एक हजार ३८५ हेक्टरमा एक हजार ५९२ मेट्रिकटन उत्पादन हुने गरेको केन्द्रले जानकारी दिएको छ ।

स्याङ्जाको खेतीयोग्य जमिन र उत्पादन क्षमताबारे विगतका तथ्याङ्क यर्थाथमा आधारित नभएको केन्द्रका कृषि अधिकृत तथा कृषि अर्थविज्ञ नारायण पाठकले बताए । 'विगतका तथ्याङ्कहरु अति परम्परामा आधारित र अवैज्ञानिक थियो,' अधिकृत पाठकले भने-'जीपिएसमा आधारित हुनुपर्ने पछिल्लो तथ्याङ्कलाई हामीले सक्दो आधुनिक र वैज्ञानिक बनाएका छौं ।' जिल्लामा धान, गहुँ, मकै र कोदो उत्पादन हुने जग्गा ह्वात्तै घटेको छ भने फलफूल र तरकारी लगाउने जमिनसँगै उत्पादनमा वृद्धि भएको अधिकृत पाठकले बताए ।

९५२ हेक्टर क्षेत्रफलमा १३ हजार ५५७ मेट्रिकटन उत्पादन हुँदै आएको आलु लगाउने जमिनसँगै उत्पादन वृद्धि भएको छ । पछिल्लो तथ्याङ्कअनुसार जिल्लामा एक हजार ९३१ हेक्टरमा ३३ हजार ५४ मेट्रिकटन आलु उत्पादन हुँदै आएको छ । जिल्लामा पछिल्लो समय आलु प्रवर्द्धनमा स्थानीय तहसँगै सरकारी निकायले कृषकसँग हातेमालो गर्दै उत्पादन वृद्धिमा केन्द्रित छन् ।

विगतमा दुई हजार १७५ हेक्टरमा २१ हजार १६५ मेट्रिकटन फलफूल उत्पादन हुँदै आएको स्याङ्जामा पछिल्लो समय चार हजार ४३४ हेक्टर क्षेत्रफलमा ४० हजार मेट्रिकटन उत्पादन हुने गरेको केन्द्रका कृषि अधिकृत विकास विकले बताए । कुल ४० हजार मेट्रिकटन फलफूल उत्पादन हुने जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र ज्ञान केन्द्रले प्राथमिकता दिँदै आएको सुन्तलामात्रै झण्डै ३२ हजार मेट्रिकटन उत्पादन हुँदै आएको अधिकृत विकले सुनाए ।

तरकारी बाली दुई हजार ६७४ हेक्टरमा ३५ हजार १४३ मेट्रिकटनबाट बढेर तीन हजार ११९ हेक्टर क्षेत्रफलमा ४५ हजार १६३ मेट्रिकटन उत्पादन हुँदै आएको छ । ८ सय हेक्टरमा ७ हजार ९४२ मेट्रिकटन उत्पादन हुँदै आएको मसलाबाली बढेर ९७० हेक्टरमा १० हजार ६७० मेट्रिकटन उत्पादन भएको तथ्याङ्क सार्वजनिक गरिएको छ । ३३१ हेक्टरमा २६८ मेट्रिकटन उत्पादन हुँदै आएको तेलहन बाली पछिल्लो तथ्याङ्कअनुसार बढेर ६८८ हेक्टर क्षेत्रफलमा ७६३ मेट्रिकटन उत्पादन हुने गरेको तथ्याङ्क सार्वजनिक छ ।

'विगतका तथ्याङ्कहरु परम्परावादी र अवैज्ञानिक छन् नै,' अधिकृत विकले भने-'बढ्दो शहरीकरण, बसाइँसराइ, युवा पलायन, वन्यजन्तुको समस्या, जलवायु परिवर्तनका कारण केही क्षेत्रमा खेती विस्थापित भएको अवस्था छ ।' खण्डिकृत जग्गा भएका कारण खेती गर्ने भन्दा खेती नगर्ने परिवारसँग बढि जग्गा भएको र उत्पादनका लागि पूर्वाधार पर्याप्त हुन नसक्दा खेतीयोग्य जमिनको क्षेत्रफल घटेको अधिकृत विकले बताए ।

## प्रगतिशील लोकतान्त्रिक पार्टी गठन

# 'एन्टिकरप्शन युथ फोर्स' बनाउने



बुटवल । नव गठित प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले ५ जनाको अध्यक्ष परिषद् घोषणा भएको छ । आइतबार एकता घोषणा गरिएको पार्टीमा बाबुराम भट्टराई, जनार्दन शर्मालगायतका नेताहरू अभिभावकीय भूमिकामा बस्ने छन् ।

पार्टी सञ्चालनका लागि अध्यक्ष परिषद् बनाइएको छ । जसमा ५ जना रहेका छन् । अध्यक्ष परिषद्मा सुदन किराँती, सन्तोष परियार, दुर्गा सोव, अशोक जैसवाल र ओजस्वी भट्टराई रहेका छन् ।

जेनजीसहित विभिन्न क्षेत्र, समुदाय र वर्गको प्रतिनिधित्व हुनेगरी अध्यक्ष परिषद् बनाइएको हो । पार्टीको वैचारिक राजनीतिक लाइन 'परिष्कृत मार्क्सवादसहितको नेपाली समाजवाद' हुने घोषणा गरेको छ ।

पार्टीको वृहत् एकता समारोहमा आइतबार दस्तावेज पेश गर्दै नेता जनार्दन शर्माले वैचारिक सैद्धान्तिक लाइन स्पष्ट गरेका हुन् ।

'पार्टीले परिवर्तन बाहेक सबै परिवर्तनशील छन् भन्ने बुद्ध दर्शनलाई आत्मसात् गर्दै मार्क्सको समयको पहिलो औद्योगिक क्रान्तिकालको भौतिक विज्ञान र मानवशास्त्रमा आधारित द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादभन्दा अघि बढेको अहिलेको चौथो र पाँचौ औद्योगिक क्रान्ति कालसम्मको सापेक्षता र क्वान्टम सिद्धान्त, जेनेटिक्स र कृत्रिम बौद्धिकतालगायतका ज्ञानविज्ञानले परिष्कृत मार्क्सवादी द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादमा आधारित विकसित विज्ञानमा आधारित समाज विकासको नविनतम् सिद्धान्त अनुरुपको नेपाली समाजवाद' पार्टीको मार्ग निर्देशक सिद्धान्त/दार्शनिक आधार हुनेछ ।'

» *बाँकी ३ पेजमा*

# प्रधानमन्त्री कार्कीसँग लिखित जवाफ माग




बुटवल । सर्वोच्च अदालतले प्रधानमन्त्री सुशीला कार्कीसँग अदालतको अवहेलनामा किन कारबाही नगर्ने भनी लिखित जवाफ माग्ने आदेश गरेको छ ।

राजदूत फिर्ताको निर्णयमा अदालतको आदेश पालना नगरेको भन्दै अधिवक्ता डा. प्रेमराज सिलवालले अवहेलनामा कारबाही हुनुपर्ने भनी सर्वोच्चमा निवेदन पेश गरेका थिए ।

त्यही निवेदनको सुनुवाइपछि न्यायाधीशहरू हरि फूयाल र अब्दुल अजिज मुसलमानको इजलासले लिखित जवाफ माग्ने आदेश गरेको हो ।

# नेपाली कांग्रेस निर्वाचन आयोगमा दर्ता

बुटवल । नेपाली कांग्रेसले निर्वाचन आयोगमा दल दर्ता गरेको छ । आइतबार निर्वाचन आयोगको कार्यालयमा गएर दल दर्ता गरिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

राष्ट्रियसभा र प्रतिनिधिसभा दुवै निर्वाचनका लागि प्रक्रिया पूरा गरिएको उनले बताए ।

कांग्रेसले दुई दिन अघिमात्रै आगामी प्रतिनिधिसभा निर्वाचनमा भाग लिने निर्णय गरेको थियो ।

राष्ट्रियसभा निर्वाचन माघ ११ गते हुँदैछ भने प्रतिनिधिसभा निर्वाचन २१ फागुनमा तय भएको छ ।

# एनपीएलमा सट्टेबाजी गर्ने आठ भारतीय पक्राउ



बुटवल । नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो सिजनमा सट्टेबाजी गराएको आरोपमा आठ जना भारतीय नागरिक पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई पक्राउ गरेको कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले बताए ।

पक्राउ पर्नेमा भारतको आन्द्रा प्रदेशका ३१ वर्षीय राजा यदुला, ३५ वर्षका महेश बाबु, ३० वर्षका पण्डित श्रीनिवासुलु, २० वर्षका सेख सोयब, ३० वर्षका नभिन मड्डेला, ३२ वर्षका महमद रफी सेख, १९ वर्षका साईकुमार तम्मिसेट्टी र २८ वर्षका सेख चन्द बसल रहेका छन् । उनीहरू सामाखुसी बस्दै आएको खुलेको छ ।

उनीहरूले अनलाइन बेटिङसाइडबाट सट्टाबाजी गर्ने गरेको प्रहरीको दाबी छ । उनीहरूलाई काठमाडौंको बल्खुबाट पक्राउ गरेको एसपी आचार्यले बताए । उनीहरूको साथबाट प्रहरीले १५ थान मोबाइल पनि बरामद गरेको छ ।

थप अनुसन्धानका लागि काठमाडौं प्रहरी परिसर भद्रकाली पठाएको छ ।

# लुम्बिनी महोत्सवमा दर्शकको भीड बढ्दै



भैरहवा । रुपन्देहीको भैरहवामा जारी सातौं लुम्बिनी महोत्सव-२०८२ (उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्धन) मा हालसम्म ३५ हजार जना बढी दर्शकले अवलोकन गरेका छन् ।

चेम्बर अफ कमर्श, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) को आयोजनामा मंसिर ३ गतेदेखि सिद्धार्थनगर नगरपालिका-८ स्थित अञ्चलपुरमा महोत्सव सुरु भएको छ ।

मंसिर ६ गते (शनिबार) सम्म ३५ हजार बढी दर्शकले अवलोकन गरेको संस्थाका सचिव कृष्णप्रसाद पाण्डेले बताए ।

सचिव पाण्डेका अनुसार शनिबार १५ हजार बढी दर्शकले महोत्सवको अवलोकन गरेका छन् ।

त्यस्तै शनिबारसम्म करिब १ करोड बढीको कारोबार भएको संस्थाका कोषाध्यक्ष तथा महोत्सवको आर्थिक व्यवस्थापन उपसमिति संयोजक धिरजकुमार मल्लिकले जानकारी दिए ।

'स्थानीय बजारमा खरिद गरौं, स्थानीय बजारको प्रवर्धन गरौं, स्वदेशी वस्तुको प्रयोग गरौं, स्वाभिमानी नेपालीको पहिचान बनाऔं' भन्ने मूल नाराका साथ आयोजना गरिएको महोत्सव मंसिर २१ गतेसम्म सञ्चालन हुने चेम्बर अफ कमर्श, रुपन्देहीका अध्यक्ष तथा महोत्सव मूल आयोजक समितिका संयोजक सचिन रोक्काले बताए ।

महोत्सवले उद्योगी-व्यवसायी र उपभोक्तालाई जोड्न पुलको काम गर्ने अध्यक्ष रोक्काले जनाए । उनले महोत्सवमा ३ सय वटा स्टल रहेको जानकारी दिए ।

यसपटकको महोत्सवको मुख्य आकर्षण नेपालमै पहिलोपटक भियतनामबाट ल्याइएको 'जलपरी' र फिस टनेल प्रदर्शन रहेको छ । महोत्सवमा स्थानीयदेखि राष्ट्रिय कलाकारसम्मको प्रस्तुति रहेको संस्थाका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले जानकारी दिए ।




# ओझेलमा पिछडिएका वर्ग समुदाय र क्षेत्रका जेनजीको सवाल

**गणेश ओली**

नेपालमा जेनजी आन्दोलन भएपछि देशभर छरिएर रहेका जेनजी मात्र हैन आम जनसमुदायमा एउटा नयाँ आशा र विश्वास जागेको थियो । शासन, प्रशासन मात्र हैन सेवा प्रवाह र अधिकारका क्षेत्रमा पनि बदलाव आउने छ । नेतृत्वमा युग सुहाउँदो नयाँ, सृजनशिल अनि गतिशिल नेतृत्व आउने छ । अब देशमा सुशासन, पारदर्शिता, जवाफदेहीता र डिजिटल अभिव्यक्ति स्वतन्त्रताको साथसाथै पछाडि पारिएका वर्ग समुदाय र क्षेत्रको पनि उत्थान हुनेछ । देशमा समानता प्राप्त हुने छ । यस्तै यस्तै आशा र भरोसाका कुरा सुनिन्थे । समयसँगै अव आम जनसमुदायमा यस्को साटो निराशाको स्वर सुनिन थालेको छ ।

२०४६ सालको परिवर्तनदेखि हालसम्म परिवर्तनको लागि संघर्ष गरेका र गरिरहेकाहरुमा फेरि उही भाष्य दोहोरिँदैछ व्यवस्था फेरिन्छ, तर हाम्रो अवस्था भने फेरिँदैन । राजतन्त्र गयो गणतन्त्र आयो, पुराना गए नयाँको नेतृत्व गर्छौं भन्ने आए, तर शासन सञ्चालन प्रक्रिया, सेवा प्रवाह, अधिकार र राज्यको सेवा, सुविधा र पहुँच उनै वर्गको रह्यो, जो हिजो पनि जब्बर भएर बसेका थिए । जोसँग अर्थ, शिक्षा र ज्ञान थियो उनैसँग शक्ति र सत्ता आज पनि रह्यो । पुरानो सिंहदरबार जल्यो, ठाउँ परिवर्तन भयो, नाउँ परिवर्तन भयो, तर काम परिवर्तन भएन । व्यक्ति परिवर्तन भए तर व्यवहार परिवर्तन भएन ।

जेनजी आन्दोलनपश्चात् जेनजी अगुवाहरुले उठाउँदै आएका प्रमुख माग र सोही सेरोफेरोमा रहेर काठमाडौं र शरमा बस्ने बुद्धिजीवीहरुका बहस, छलफल र विमर्शहरु हेर्दा पनि सो कुरा देखिन्छ । उनीहरु समानताका कुरा गर्दैनन् । पछाडि पारिएका वर्गका हक अधिकारका कुरा गर्दैनन् । गरिब, विपन्न वर्ग, पछाडि पारिएका समुदाय र भूगोललाई कसरी उठाउने भन्ने कुरा गर्दैनन् । उनीहरु शासकीय स्वरुप परिवर्तनमा बहस गर्छन् । राजनीतिक दलमा नेतृत्व परिवर्तनका सन्दर्भमा बहस गर्छन् । संघीयता, समावेशी, समानुपातिक हटाउनु पर्ने कुरा गर्छन् जो पछाडि पारिएका वर्ग, समुदाय र भूगोलको पक्षमा छन् । शासन-प्रशासनमा भएको व्यापक आर्थिक भ्रष्टाचार, अनैतिकता, कुशासन, आर्थिक र राजनीतिक पहुँचका आधारमा राज्यको स्रोतसाधन र अवसरको दोहन, नातावाद, कृपावाद, अवसरवाद, घुसखोरी सवैका साझा दुश्मण हुन्, तर गरिबी, पछौटेपन, अशिक्षा, रोग, भोक र शोक पनि हामी सबैका समस्या हुन् । मानिस जन्मदा समान नै हुन्छ, तर उसलाई शिक्षा, ज्ञान, समाजिक तथा सांस्कृतिक र भौगोलिक वातावरणले प्रभाव पारिरहेको हुन्छ र त्यस्ता व्यक्तिलाई राज्यले समान व्यवहार गर्नुपर्छ अनि आवश्यकता पर्दा क्षतिपूर्तिको समेत व्यवस्था गर्नुपर्छ । समान क्षमता भए मात्र समानताको कुरो हुन्छ नत्र समानताको कुरा गरेर मात्र हुँदैन ।

नयाँ पुस्ताको विद्रोह देशमा सामाजिक न्याय र आर्थिक समानताको वातावरण निर्माणका लागि भएको थियो । देशमा शान्ति, सुव्यवस्था र आर्थिक समृद्धिको लागि थियो । यो विद्रोह काठमाडौंमा बसेकाले मात्र गरेका हैनन्, उनीहरुको पछाडि ठूलो उत्पिडित, पिछडिएको वर्ग, समुदायको शक्ति थियो भन्ने उनीहरुले भुल्न हुँदैन । विगतका परिवर्तन जस्तै यो परिवर्तन पनि उनै शक्तिवालाहरु बिचको लडाइँ जस्तो देखिन जाँदैछ । भुल्न नहुने कुरा के हो भने, प्राप्त उपलब्धिको जगमा टेकेर देशका आम जेनजीहरुले यसको लाभ लिनुपर्छ । आय जनसमुदाय यसबाट लाभान्वित हुनुपर्छ । देशले कोल्टे फेर्नुपर्छ । त्यसका लागि पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रको समस्या पहिचान, उनीहरुको मागको सम्बोधन अनि नयाँ सोच, कार्यशैलीका साथ काम पनि गर्न जरुरी छ । पछाडि पारिएकाहरुको शिक्षा, स्वास्थ्य, ज्ञान, अनुभवमा उनीहरुको अवस्था के छ ? अवसरको वितरण कस्तो छ र कशरी सम्बोधन गर्न सकिन्छ भन्ने कुरामा गम्भिरतापूर्वक लाग्न जरुरी छ भने यस वर्ग, क्षेत्र र समुदायका जेन्जिले पनि आफ्नो आवाज सुनिने गरि उठाउन जरुरी छ । जेनजीको एजेन्डा सबै समुदाय, जात, वर्ग, लिंग, क्षेत्र वा पृष्ठभूमिको आधारमा विभेद नगर्ने समाज निर्माणको दिशामा केन्द्रित हुन जरुरी छ । शिक्षा, स्वास्थ्य, रोजगारीमा उनीहरुको पहुँच विस्तार गर्न राज्यले के-के कुरामा ध्यान दिने ? र नेतृत्वमा सबैको समान पहुँच सुनिश्चित कशरी गर्ने ? अवसरको समान वितरण कशरी गर्ने ? विशेषतः ग्रामीण, दलित, महिला र अल्पसंख्यक समुदायको सशक्तिकरण उनीहरूको भाविश्यको सुनिश्चितता प्राथमिकतामा कशरी दिने ? जस्ता विषयमा वहस, छलफल र विमर्श गर्न जरुरी छ ।

हालको संवैधानले पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रका समस्या समाधान गर्न धेरै हदसम्म प्रयास गरेको छ । यसको कार्यान्वयन गरेमात्र पनि धेरै कुरा हल भएर जानेछ । नेपालको संवैधानिक इतिहासमा संविधानसभाले बनाएको यो संविधान तुलनात्मक रुपमा अग्रगामी, प्रगतिशील र सबैभन्दा बढी समावेशी हुनुका साथै महिला, दलित, जानजाति, पिछडिएका क्षेत्र तथा समुदाय, अल्पसंख्यकलगायतका हकमा यस संविधानको व्यवस्था र मौलिक हक केलाउँदा सबैभन्दा बढी समावेशी भएकाले यसलाई ऐतिहासिक नै भन्नुपर्छ र यसको कार्यान्वयनको दिशामा अघि बढ्नुपर्छ । सङ्घीय संसद्ले मौलिक हकसम्बन्धी सबै विधेयक गत भदौ मसान्तसम्म पारित गरिसकेको पनि छ । मौलिक हक भनेको राज्यले अनिवार्य पूरा गर्नु पर्ने र नागरिकले निःशर्त पाउनुपर्ने हक हो । अब पिछडिएका क्षेत्र, समुदाय र वर्गलाई मौलिक हकअन्तर्गतका विशेष अधिकार र सेवा प्राप्त गर्न कानुनी बाटो खुलेको छ । संविधानको धारा १८ मा समानताको हकको व्यवस्था छ । उक्त धारामा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी/जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्नसक्ने व्यवस्था गरिएको छ ।

धारा २० मा न्यायसम्बन्धी हकको व्यवस्था छ । सो धाराले असमर्थ पक्षलाई कानुन बमोजिम निःशुल्क कानुनी सहायता पाउने हकको समेत व्यवस्था गरेको छ । त्यस्तै धारा २४ ले छुवाछुत तथा भेद्भाव दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हककोसमेत व्यवस्था गरेको छ ।

संविधानको व्यवस्था बमोजिम नै सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तहमा त्यस्ता समुदाय र वर्गको समानुपातिक समावेशी सहभागिता सुनिश्चित भएको उल्लेख गर्दै उसले राज्यलाई समावेशी चरित्रको बनाएको छ । तर, संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था छ । सो मौलिक हकले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने संविधानमा व्यवस्था छ ।

संविधानमा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हकको व्यवस्था छ । संविधानले प्रत्येक नागरिकलाई रोजगारी, स्वास्थ्य, आवास र खाद्यमा समेत मौलिकको व्यवस्था गरेको छ । संविधानले दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरेको छ ।

संविधानको धारा ४२ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पससंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हकको व्यवस्था गरेको छ । आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक संविधानले गरेको छ । धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख छ ।

यसरी हेर्दा संविधानमा उल्लेख भएका कुरा लागु गर्न सक्ने व्यक्ति राज्यको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म पुग्न र पुऱ्याउन जरुरी छ । पछाडि पारिएका वर्ग समुदाय र क्षेत्रका जेनजी युवाहरुका माग यसैमा केन्द्रित हुन जरुरी छ भने हाल नेतृत्वमा रहेकाले पनि यस कुराको हेक्का राख्न जरुरी छ ।

## सम्पादकीय

### धुर्मुस–सुन्तलीलाई न्याय देऊ

भरतपुरमा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा खर्च भएको रकममध्ये बाँकी बक्यौता तिर्न नसक्दा धुर्मुस-सुन्तली फाउण्डेशन समस्यामा परेको छ । अर्थ मन्त्रालयले पठाइसकेको १५ करोड रुपैयाँ भरतपुर महानगरपालिकाले फाउण्डेशनलाई उपलब्ध गराउने विधि नभेटेको भन्दै रोकेको छ । धुर्मुस अर्थात् सीताराम कट्टेल पाँच वर्षदेखि महानगरपालिकादेखि सिंहदरबारको ढोका ढक्ढक्याइरहेका छन्, तर रंगशाला निर्माणको बक्यौता उपलब्ध हुन सकेको छैन ।

रंगशालामा ५७ करोड १२ लाख रुपैयाँ बराबरको काम सम्पन्न गरेको धुर्मुस -सुन्तली फाउन्डेसनले उधारोमा मात्रै १८ करोड ४३ लाख रुपैयाँको काम गरेको थियो । त्यही ऋणको भारीले सीताराम अहिले थलिएका छन् । २०७५ माघ १६ गते राष्ट्रिय सभागृहमा तामझामले घोषणा गरिएको रंगशालाको स्वामित्व अन्ततः ०७८ पुस २ गते भरतपुर महानगरलाई बुझाए । स्वामित्व पत्र बुझाउँदै गर्दा ५७ करोड ९२ लाखको काम फाउन्डेसनले गरिसकेको थियो । त्यही अधुरो काम अहिले भरतपुर महानगरले प्रदेश र संघीय सरकारको साझेदारीमा अगाडि बढाइरहको छ । त्यही संरचना बनाउँदा फाउन्डेसनले उधारोमा गरेको कामको भुक्तानी अन्यौलले सीताराम थिचिएका छन् । रंगशालामा सीतारामले जति गरे, राम्रै गरे, कुनै कैफियत भेटिएको छैन । बाँकी बक्यौता भुक्तानीका लागि संघीय सरकारले बजेट निकासा गर्ने, तर स्थानीय सरकारले भुक्तानीको विधि नभेट्टयाउनु दुःखद छ । विधि निर्माण गरेर भुक्तानी गर्दा सीतारामलाई न्याय हुन्छ ।

कलाकारितामा लोकप्रियता चुलिएका व्यक्ति हुन्, सीताराम । २०७२ बैशाख १२ गते नेपालमा ठूलो भूकम्प गयो । भूकम्पले लडेका घरहरू उठाउन लागिपर्नेमा महत्वपूर्ण पाइला सीताराम-कुञ्जनाको पनि थियो । काभ्रे भगवती मन्दिर नजिकै पहारी बस्ती, सिन्धुपाल्चोकको गिरानचौरमा सामूहिक आवास हुँदै महोत्तरीको बर्दिबासमा मुसहर बस्ती र रौतहटको सन्तपुरमा उनीहरूले एकीकृत नमूना बस्ती निर्माण गरे । अहिलेसम्म सीतारामले गरेका कामको कुनै प्रश्न उठेको छैन । उनको पारदर्शीता अब्बल छ । २०७५ माघ १६ मा फाउन्डेसन र भरतपुर महानगरपालिकाबिच रंगशाला निर्माणको सम्झौता भएको थियो । सीतारामले राजनीतिक दलका शीर्ष नेताहरूलाई साक्षी राखेर ३० हजार दर्शक अट्ने रंगशाला ३ अर्ब ५५ करोड रुपैयाँ लागतमा दुई वर्षमा सकिने प्रतिबद्धता गरे । तर पैसा दिने प्रतिबद्धता गरेकाले नदिएपछि रंगशालाको काम अपेक्षित ढंगले अघि बढेन् । पैसा दिने प्रतिबद्धता गरेजतिले नदिएपछि सीतारामले हात झिके । अन्ततः रंगशालाको जिम्मेवारी भरतपुर महानगरपालिकालाई दिइयो ।

अब सीतारामलाई भुक्तानीको बोझबाट महानगरपालिकाले मुक्त गराउनुपर्छ । महत्वकांक्षी आयोजना सुरु गर्दा स्रोत सुनिश्चित नभई गर्ने योजना अघि बढाउनु उनको कमजोरी हो । असल मनशायले गरेको काम उनले पूरा गर्न सकेनन्, तर राज्यलाई पूरा गर्नका लागि पारदर्शी ढंगले जिम्मा लगाएका छन् । तिर्न बाँकी पैसा उपलब्ध गराउनका लागि संघीय सरकारले सहजीकरण गर्नुपर्छ । उसले नै बजेट उपलब्ध गराएको महानगरपालिकालाई अब भुक्तानीको विधि बनाइदिनुपर्छ । सीतारामलाई यो बोझबाट मुक्त गराउँदा समाजमा असल मनशाय भएका थुप्रै सीतारामहरुप्रति न्याय हुनेछ ।

## नेप्से परिसूचक ३९ दशमलव ९२ अङ्कले बढ्यो



काठमाडौं । यो साताको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढेको छ । धितोपत्र कारोबार मापक नेप्से परिसूचक ३९ दशमलव ९२ अङ्कले बढेर दुई हजार ६०० दशमलव २२ को बिन्दुमा पुगेको हो ।

३३४ कम्पनीको एक करोड ३३ लाख ८१ हजार ९२६ कित्ता शेयर ७६ हजार २८ पटक खरिदबिक्री हुँदा रु छ अर्ब २८ करोड ६७ लाख ३३ हजार ९१६ बराबरको कारोबार भएको छ। कारोबारमा सामूहिक लगानीबाहेक सबै समूहको उपसूचक बढेका छन् ।

सागर डिष्टिलरी लिमिटेड, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड र झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । कारोबारमा सबैभन्दा बढी गुमाउनेमा पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड रहेको छ । यो हाइड्रोको शेयर मूल्य आज सात दशमलव ५६ प्रतिशतले घटेको छ ।

त्यस्तै कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्टक्चरको सबैभन्दा बढी रु ६५ करोड ६० लाख ९१ हजार ९२९ को कारोबार भएको छ भने शेयर संख्याका आधारमा पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको ११ लाख ८६ हजार ७८ कित्ता शेयर किनबेच भएको छ ।


Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Palpa

**Invitation for Online Bids**

IFB No:- 03/RIDOPAL/082-83

First date of publication: 24thNov, 2025(8th Mangsir, 2082)

Road Infrastructure Development Office (RIDO), Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document Can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | Estimate Amount (excluding VAT & PS (NRs.) | Bid Security (NRs.) Upto 24th March 2026 |
|---|---|---|---|
| 1 | Ridi Khola Pul Sideshowar-Manbhak Sadak, Palpa (Sadak Pul) (Contract ID : RIDO-PAL-W-NCB-37-2082-83) | 85,17,196.08 | 2,30,000.00 |
| 2 | Biskundanda Danda Chowk tallo aghanibata batasi bagjuri Jodne road & Sarai deurali Chaupari Badhawari sadak,Mathagadhi-03 Palpa. (Contract ID : RIDO-PAL-W-NCB-38-2082-83) | 23,65,679.77 | 65,000.00 |
| 3 | Upgradation of Tansen Ranimahal road & Tarugaira Thulapokhara Majhigaira road ,Palpa (Contract ID : RIDO-PAL-W-NCB-39-2082-83) | 44,38,652.84 | 1,20,000.00 |
| 4 | Maintenance of Tansen Ranimahal road,Palpa (Contract ID : RIDO-PAL-W-NCB-40-2082-83) | 34,16,690.25 | 90,000.00 |
| 5 | Bansagopal Dekhi Balaltol hudai Baghkhor road & Chandithan rairatol Darbarthumka hudai Bastari Road Tansen-07,Palpa (Contract ID : RIDO-PAL-W-NCB-41-2082-83) | 37,48,073.61 | 1,00,000.00 |
| 6 | Dumre Poshpakha Chhap Road upgradation Tansen 8 & Dumre Saraswati Mabi road Tinau-06 & Charachare Maramkot road Upgradation Tinu-05, Palpa (Contract ID : RIDO-PAL-W-NCB-42-2082-83) | 34,15,018.63 | 90,000.00 |
| 7 | Dhobidhara Beshichowk hudai Devkota Chowk road Tansen-07 Palpa (Contract ID : RIDO-PAL-W-NCB-43-2082-83) | 27,31,184.08 | 75,000.00 |
| 8 | Neware Khola Culvert Nirman, Rainadebi Chhahara-03,Palpa & Amile-Swasthyacauki Jane Motorbato, Rainadebi Chhahara-03 & Katarbuta-Rugh Mo. Ba. Rainadebi Chhahara-03 (Contract ID : RIDO-PAL-W-NCB-44-2082-83) | 30,64,910.07 | 85,000.00 |
| 9 | Upgrading Of Harthok Silangthok Mohandi Chidibas Ghorlighat Masyam Dobhan Sadak (Contract ID : RIDO-PAL-W-NCB-45-2082-83) | 68,18,346.66 | 1,90,000.00 |
| 10 | Upgrading of Kiriya Kholsi Masohi Chhetiban Motarbato, Rampur 3 Palpa & Raikar Sitalnagar Belghari Corridor Bato, Rampur 3 Palpa & Rajghara Kagatidanda Phurkechaur Aanandibhangyang Sadak (Contract ID : RIDO-PAL-W-NCB-46-2082-83) | 33,98,680.28 | 95,000.00 |
| 11 | Upgrading of Khoptar Rajghara Bagaha Kritipur Panthe Bardakot Aanandibhangyang (Bagaha Kritipur) Sadak & Khoptar Rajghara Kritipur Panthe Rajghara Khanda Pitch Rampur RM & Saniamarai Kamigau (Guhepipal) Oda Karyalaye, Ratodhik Sadak, Rampur 3 Palpa (Contract ID : RIDO-PAL-W-NCB-47-2082-83) | 40,89,476.20 | 1,10,000.00 |
| 12 | Upgrading of Rangbhang Suryodaye Marg Radio Botegau corridor Sadak & Batare Aap Dekhi Purbatar Mo Ba, Rampur Na Pa 7 (Contract ID : RIDO-PAL-W-NCB-48-2082-83) | 23,88,693.90 | 65,000.00 |
| 13 | Upgrading of Tokse Mandran Sadak Palpa & Lamdikhola Tallo Cherlunga Mo.Ba. Bagnaskali 6 Palpa (Contract ID : RIDO-PAL-W-NCB-49-2082-83) | 44,32,748.87 | 1,20,000.00 |
| 14 | Upgrading of Phurungdi Serkabas Sadak Kalopatre,Rambha 5 Palpa (Contract ID : RIDO-PAL-W-NCB-50-2082-83) | 27,22,746.49 | 75,000.00 |
| 15 | Upgrading of Kholakhet Kamere Sejugau,Rambha 1 Hungi Palpa & Kiteni Labe Matslyang Motorbato Starunnati,Rambha 2 Foksingkot Palpa (Contract ID : RIDO-PAL-W-NCB-51-2082-83) | 23,82,324.92 | 65,000.00 |
| 16 | Upgrading of Lasune Ombhanjyang Serkabas Purbakhola Jyamire Sadak Starunnati & Ghongsingkhola Lek Rimigha Mewakhark Motarbato Starunnati Rambha 3 Palpa (Contract ID : RIDO-PAL-W-NCB-52-2082-83) | 23,79,521.65 | 65,000.00 |

Office Chief

# योयो प्लाइउड उद्योग बन्द, छ सय बढी मजदुर बेरोजगार

राँझा (बाँके)। बाँकेको कोहलपुर नगरपालिका-१४ स्थित योयो प्लाइउड इण्डष्ट्रिज प्रालि पछिल्लो तीन महिनादेखि बन्द हुँदा त्यहाँ कार्यरत छ सयभन्दा बढी मजदुरहरू रोजगारविहीन हुन पुगेका छन् ।

'अखिल नेपाल औद्योगिक मजदुर सङ्घ' नामक ट्रेड युनियनको नाममा भएको आन्दोलनका कारण देखाउँदै व्यवस्थापनले उद्योग बन्द गरेपछि मजदुरको रोजगारी खोसिएको हो । रोजगारी गुमेपछि मजदुरहरू अहिले मजदुर सङ्गठनभन्दा पनि रोजगारीको सुनिश्चितताको माग गर्दै नेपालगञ्जस्थित श्रम कार्यालयमा धाउन थालेका छन् ।

उद्योगमा ट्रेड युनियन गठन भएपछि मजदुरहरू दुई खेमामा विभाजित भएका छन् । कोहलपुर-१५ निवासी मजदुर शोभाराम यादवले ट्रेड युनियनका नाममा भएको आन्दोलनले रोजगारी गुमेकोमा चिन्ता व्यक्त गरे ।

कतिपय मजदुरहरूले भने आफूहरूको सहमतिबिना, उद्योगमा कार्यरत नै नरहेका व्यक्तिको फर्जी नाम राखेर ट्रेड युनियन गठन गरिएको भन्दै त्यसको खारेजीको माग गर्दै श्रम कार्यालयमा निवेदन दिएका छन् । खारेजीको माग गर्ने मजदुरहरूलाई ट्रेड युनियनका नेताहरूले डरत्रास र धम्की दिने गरेको यादवले बताए ।

कोहलपुर-६ निवासी मजदुर गीता थारुले अहिले आफूहरूलाई सङ्गठनभन्दा पनि रोजगारीको खाँचो रहेको बताइन् । सङ्गठनको आन्दोलनका कारण आफ्नो दुई महिनादेखि जागिर गुमेको उनको भनाइ छ ।

उद्योगका प्रबन्ध निर्देशक राजीव श्रेष्ठले ट्रेड युनियनको नेतृत्व गर्ने अधिकांश सदस्यहरू उद्योगमा कार्यरत नै नरहेको दाबी गरे । उनले फर्जी नाम राखेर दिएको निवेदनलाई प्रमाणीकरण नै नगरी श्रम कार्यालय, नेपालगञ्जले प्रतिष्ठानस्तरको ट्रेड युनियन गठन गरेकोमा आपत्ति जनाए ।

श्रेष्ठका अनुसार उद्योग पूर्णरूपमा सञ्चालन हुन नपाउँदै मजदुर सङ्गठनका नाममा अवरोध सिर्जना गरियो । पहिलेदेखि नै पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा दैनिक करिब रु पाँच लाख घाटा व्यहोर्दै आएको उद्योगलाई श्रम कार्यालयले वास्तविकता नबुझी खाता रोक्का गरिदिएपछि बन्द गर्न बाध्य हुनुपरेको उनको भनाइ छ ।

"हामी सरकारले तोकेको मापदण्ड पालना गर्दै मजदुरलाई पारिश्रमिक दिँदै आएका छौँ", श्रेष्ठले भने-"घाटामा गएको उद्योगले अहिले तत्काल पारिश्रमिक वृद्धि र बोनस खुवाउन सक्ने अवस्थामा छैनौँ, तर परिस्थिति सुध्रिनासाथ सेवा सुविधा बढाउँदै लैजाने हाम्रो सोंच छ ।"

श्रेष्ठले उद्योग बन्द हुँदा दैनिक रु १० लाखभन्दा बढी घाटा भइरहेको भन्दै सहज रूपमा उद्योग सञ्चालनको वातावरण बनाउन सम्बन्धित निकायसँग अनुरोध गरे ।

श्रम तथा रोजगार कार्यालय नेपालगञ्जका प्रमुख पिन्टुकुमार रजकले योयो प्लाइउडका मजदुरहरू विभाजित भएको स्वीकार गरे । उनका अनुसार उचित पारिश्रमिक नपाएको भन्दै केही मजदुरद्वारा सङ्गठनका नाममा परेको उजुरीमाथि कारबाही हुँदै जाँदा उद्योगको खाता रोक्का गरिएको थियो ।

अहिले मजदुर र उद्योग प्रतिनिधिहरू दुवै पक्ष उद्योग सञ्चालनको वातावरण बनाइदिन माग गरिरहेका छन् ।"अहिले मजदुर र उद्योगका प्रतिनिधिहरू उद्योग सञ्चालनको वातावरण बनाइदिन माग गरिरहनुभएको छ", रजकले भने-"सबैपक्षको माग र कानुनबमोजिम प्रक्रिया अगाडि बढाउन छलफल भइरहेको छ ।"

ट्रेड युनियन दर्ताको विषयमा भने रजकले दर्ताका लागि आएको निवेदन र मजदुरको हस्ताक्षरको आधारमा सङ्गठन दर्ता गरिएको बताए ।

मजदुरको हस्ताक्षर कीर्ते भएकोलगायतका विषयमा प्रमाणीकरणको लागि ३५ दिनभित्र श्रम अदालतमा जानसक्ने कानुनी व्यवस्था रहेको उनको भनाइ छ । विगत पाँच वर्षदेखि सञ्चालित यो उद्योगले कोहलपुर नगरपालिका-१४ ढोरपुर र ठाडागाउँका खटिक समुदायको बसोबास रहेको स्थानीयवासीलाई गाउँमै रोजगारीको अवसर दिएको थियो ।

उद्योग बन्द भएपछि स्थानीयहरूको मुख्य रोजगारीको स्रोत पनि गुमेको छ ।

---

**एन्टिकरप्शन...**

-पार्टीको दस्ताबेजमा छ । भौतिक जगतले मानिसको चेतनालाई प्रभावित गर्ने र मान्छेको चेतनाले भौतिक जगतलाई बुझ्ने र बदल्ने भएकाले दर्शन, विचार, सिद्धान्तलाई निरन्तर पुनर्परिभाषित, पुनःसश्लेषण, समृद्धीकरण गर्दै जानुपर्ने उनले उल्लेख गरेका छन् ।

'एक्काइसौं शताब्दीका समस्या वा अन्तर्विरोधलाई अठारौं वा उन्नाइसौं बिसौं शताब्दीका विचार-विधिले हल गर्न खोज्नु एवं त्यसले समाधान नदिए पछि अझै मध्ययुगीन वा प्राचीन अप्रमाणित विचारतिर फर्कन र फर्काउन खोज्नु वर्तमान विश्व राजनीतिको सबभन्दा ठूलो कमजोरी हो ।'-उनले भनेका छन् ।

आजको युग एकसाथ 'उत्तर पुँजीवाद' र 'उत्तर राज्यसमाजवाद' को युग भएकाले राजनीतिक प्रणाली र अर्थतन्त्रको ढाँचा दुवै हिसाबले अब नयाँ मोडेलको खोजी र विकास गर्नुपर्ने उनले उल्लेख गरेका छन् । संगठनात्मक सिद्धान्तका रुपमा प्रत्यक्ष लोकतन्त्रको अभ्यास गरिने उल्लेख गर्दै प्रगातिशील लोकतान्त्रिक पार्टीका सबै कमिटी स्वयत्त हुने घोषणा गरेका छन् ।

शर्माले प्रचण्डलाई मठाधीशको संज्ञा दिँदै माओवादीभित्रका मठाधीशहरूलाई धुपबत्ती गर्न छाडेर नयाँ पार्टी गठन गरेको बताए ।

'सामन्तवादको सिंहासनलाई भत्काएर लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणमा सहभागी हामीहरू पार्टीभित्रका मठाधीशहरूलाई धुपबत्ती गर्न छोडेर प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा गर्ने प्रक्रियामा सामेल भइरहेका छौं' । -शर्माले भने ।

पार्टी घोषणा सभामा शर्माले मानव विकास, विश्व र मुलुकको राजनीतिबारे विश्लेषणात्मक घोषणा पत्र प्रस्तुत गरेका थिए। उनले विगतका विभिन्न आन्दोलन र पछिल्लो जेनजी विद्राहको बलिदानी खेर जान नदिन राजनीतिक पहल अनिवार्य बनेको बताए । त्यसैका लागि प्रगतिशील लोकतान्त्रिक पार्टी गठन भएको उनको भनाइ छ ।

'हाम्रो पार्टी केही दर्जन राजनीतिक दलहरूमाथि एक नयाँ दल थप्ने र केही नेता उत्पादन गर्न नभइ हालको विकृत राजनीतिलाई सुधार्दै आर्थिक, राजनीतिक एवं सांस्कृतिक रूपले सुदृढ र समतामूलक राष्ट्र निर्माणका साधनका रूपमा स्थापना भएको हो ।'- पार्टीको घोषणा पत्र वाचन गर्दै शर्माले भनेका छन् ।

राजनीतिक पुनःसंरचनाका लागि प्रगतिशील पार्टी गठन भएको उनको दाबी छ । त्यसका लागि पार्टीले छिट्टै राजनीतिक पुनःसंरचना सम्मेलन २०८२ आयोजना गर्ने उनले बताए । एकता सभामा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले प्रगतिशील लोकतान्त्रिक पार्टीमा आफू अभिभावकको रुपमा रहने बताएका छन् । उनले आफूले सल्लाह-सुझाव दिने र लागू नभए सहेर बस्ने समेत उल्लेख गरे । भट्टराईले नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टी जेनजी आन्दोलनको उपज भएको समेत बताए ।

'यो पार्टी भनेको जेनजी आन्दोलनको उपज हो र जेनजी पुस्ताको पार्टी हो भनेर बुझ्न जरुरी छ,' उनले भने-'यो पार्टीको एजेण्डा भनेको जेनजी पुस्ताको चेतनासँग, त्यसको आवाजसँग, यो युगसँग जोडिएका कुराहरु यसले पूरा गर्नसक्छ कि सक्दैन ?' पूर्वप्रधानमन्त्री भट्टराईले जेनजीको मागलाई सम्बोधन गरेर अघि बढ्न पुराना पार्टी र नेताहरू मात्रै नभएर राजनीतिमा नै पुनर्संरचना आवश्यक रहेको समेत उल्लेख गरे ।

प्रलोपाले भ्रष्टाचारविरुद्ध युवाशक्ति अर्थात् 'एन्टिकरप्शन युथ फोर्स' बनाउने भएको छ । सुशासनको सुनिश्चितता बिना कुनै पनि देशमा न्याय र विकास हासिल नभएको कारण पार्टीभित्र सुशासनको उच्चतम अभ्यास गर्दै देशमा सुशासन कायम गर्न अग्रसर हुने सो पार्टीले जनाएको छ ।

'देशमा सुशासन हासिल गर्न मुलतः युवाको अगुवाईमा 'भ्रटाचारविरुद्ध युवाशक्ति (एन्टिकरप्सन युथ फोर्स)' गठन गरिने छ ।'- आइतबार आयोजित पार्टी एकता समारोहमा प्रस्तुत पार्टीको राजनीतिक प्रतिबद्धता मस्यौदामा भनिएको छ ।

यो फोर्सले भ्रष्टलगायतविरुद्ध सामाजिक बहिष्कार अभियान चलाउने प्रलोपाले उल्लेख गरेको छ ।

'यो फोर्सले भ्रष्टाचारी, कालोबजारी, बलात्कारी, मानव बेचबिखान, गुण्डार्दी लगायतको क्रिमिनल प्रोफाइल तयार गर्ने, सामाजिक सञ्जालमा एक्पोज अभियान सञ्चालन गर्ने, सामाजिक बहिष्कार अभियान चलाउनेलगायत सुशासनका क्षेत्रमा प्रवर्द्धनात्मक, निरोधात्मकदेखि आवश्यकताअनुसार जुझारु कार्यक्रमहरु सञ्चालन गरिनेछ ।'-मस्यौदामा उल्लेख छ ।

आइतबार डा. बाबुराम भट्टराईले स्थापना गरेको र हाल दुर्गा सोबले नेतृत्व गरेको जसपा (नयाँ शक्ति), जनार्दन शर्माको पहलमा स्थापना गरिएको र हाल सुदन किराँतीले नेतृत्व गरेको प्रगतिशील लोकतान्त्रिक पार्टी र रास्वपा परित्याग गरेका विघटित प्रतिनिधिसभा सदस्य सन्तोष परियार नेतृत्वको टोलीलगायतसँग एकता घोषणा गरिएको छ ।

---


**भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना।**

**प्रकाशित मितिः २०८२।०८।०८**

मोहम्मद अली धुनियाको पत्नी जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ७ हालको यशोधरा गा. पा. वडा नं. ५ निवासी आसिमा खातुनले तपसिलमा उल्लेखित कित्ताहरु मालती देवी मिश्राइनीको नाऊँमा कायम श्रेस्ता भिडाई, रामफल मिश्रको नातिनी छेदी प्रसाद मिश्रको छोरी जिल्ला क. व. साविक सुठौली गा.वि.स.- ७, हाल यशोधरा गा.पा. वडा नं. ५ मौजा मुडिला बस्ने ज.ध. मालती देवी मिश्राइनीको २०७८।०४।०५ मा मृत्यु भएको र मृत्यु अगावै निजले मिति २०७६।११।०२ र.नं. २।३३६६ विगो नखुलेको शे.व. लिखत निवेदक कमलेश कुमार मिश्रको नाऊँमा पारित गरिदिएको, मृतक ज . ध . जिवित रहँदासम्म सेवा संभार पालनपोषण औषधोपचार र मृत्यु पश्चात रितिरिवाज अनुसार दाह संस्कार काजकिया सदगत निवेदकले नै गरेको हुनाले मृतक ज.ध. मालती देवी मिश्राइनीका नाऊँमा बाँकी श्रेस्ता कायम कित्ता जग्गाहरु विगो नखुलेको शे.व. बमोजिम मेरो नाऊँमा एकलौटी दा. खा. गरिपाऊँ भनी मिति २०८१।६।१५ को द.नं. ४१९३ माग निवेदन पेश गरेको सम्बन्धमा निवेदकको माग दावी बमोजिम निजको नाऊँमा दा. खा गर्न नमिल्ने कुनै कारण भए, अरु कसैको हकदैया वा स्वामित्वमा असर पर्ने भए, सरकारी सार्वजनिक गुठी तथा हदवन्दी भन्दा बढी जग्गा घुसेमो भए, कुनै बैंक वित्तिय संस्था, सरकारी निकाय वा व्यक्ति विशेषको मुद्दा मामिला र धितो बन्धक रोक्कामा असर पर्ने भए, कसैले यस अगावै उक्त जग्गा हक हस्तान्तरणका लागि पूर्व मिसिल खडा गरी प्रक्रियामा रहेको भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनुहोला । म्यादभित्र कुनै दावी उजुर नपरेमा नियमसंवत निवेदन स्वीकार गरी प्रचलित कानून बमोजिम भई जाने सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नामथर वतन | कैफियत |
|---|---|---|---|---|---|
| बैदौली | १ क | १०७९ | ०-०-१४-० | नाम थर : मालती देवी मिश्राइनी ना. प्र. नं. : जारी मिति : २०३८।४।२९ क.व. बाबुको नामः छेदि प्रसाद मिश्र बाजैको नाम : राम फल मिश्र ठेगाना : जिल्ला कपिलवस्तु साविक गा.वि.स. वेदौली-७ हाल यशोधरा गा. पा. वडा नं. ५ मौजा मुडिला | |
| | | ११३५ | ०-२-१४-० | | |
| | | ११७८ | ०-०-३-० | | |
| | १ ख | ३६८ | ०-०-११-० | | |
| | | ३७७ | ०-०-८-० | | |
| | | ३६७ | ०-०-७-३ | | |
| | | ३७३ | ०-०-२-० | | |
| | ३ | ९८७ | ०-०-८-० | | |
| | | ९८६ | ०-०-३-२ | | |



# Baganaskali Rural Municipality
## Office of Rural Executive
Chirtungdhara, Palpa

## Invitation for Online Bids

Date of publication: 2082/08/08 (Nov,24,2025)

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Nepal Bank Ltd., Palpa

Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa

Bank details for Bid Document (If Cash deposit) : Nepal Bank, Limited Palpa,

Antarik Rajaswa Account No.: 01703000001001000001

Bank details for Bid security ( If Cash deposit) :Nepal Bank, Limited Palpa, `

Dharauti Khata A/C no.01703000003000000001

| Contract No. | Name of Project | Estimated Amount Without (VAT & PS) | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Date of Bid Opening |
|---|---|---|---|---|---|
| RE1-BRM/PLP /SQ/WORKS-11/082-083 | Chiuribaas Sichai Yojana Baganaskali 5 | 439631.59 | 1000.00 | 10000 | 2082/08/23 (Dec 9,2025) at 1.00 Pm |
| RE- BRM/PLP/ SQ/GOODS-02-082/083 | Supply & Delivery of Veterinary Medicines & Medical Item at Baganaskali Rural Municipality | 965026.50 | 1000 | 25000 | 2082/08/23 (Dec 9,2025) at 1.00 Pm |

Baganaskali Rural Municipality



**Bhumikasthan Municipality**
## Office of the Municipal Executive
**Nuwakot, Arghakhanchi**

## Invitation for Bids

**Date of publication: 11-24-2025 (2082-08-08 B.S.)**

1. The Bhumikasthan Municipality inviteselectronic bids for sealed quotations for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.1000/- as bidding document fee in the account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
   Office Code no: 801055101
   Office Account no: 2587086986800138
   Rajaswa (revenue) Shirshak no: 14249
4. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the BID Security Amount in Bank:
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
   Office Code no: 801055101
   Office Account no: 2587086986800048
   Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, ArghakhanchiLumbini Province, Nepal at 3rd December, 2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 9th December, 2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 9th December, 2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive VAT and Contingencies) | Bid Security Amount In NRs |
|---|---|---|---|---|
| 06/BMA/W/ SM/2082/083 | JanapriyaAdharvut School and Shiva Shakti Adharbhut School Maintenance Works | NRs. 1000.00 (Not Refundable) | 865729.17 | 25000 |
| 07/BMA/W/ UPG/2082/083 | Lisepani Padhera Deurali Sarukatera Tallapaku Chhirlingkhola Pandanda Motorable Road Upgrading Works | NRs. 1000.00 (Not Refundable) | 17,39,099.06 | 50000 |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



Lumbini Provincial Government
Ministry of Health
## Province Health Logistics Management Center, Butwal

## Letter of Intent

Date: 2082/08/08

Pursuant to clause 27(2) of Public Procurement act 2063 this is to notify all the bidders that the following Substantially responsive lowest bidder have been selected to award the contract as per the invitation for bids published on National Daily and PHLMC intends to award the contract to the same.

| IFB No | Description | Name and address of Bidder | Quoted Price (without VAT) |
|---|---|---|---|
| L/PHLMC/ NCB/OTHER-1/2082-083 | The Procurement of Transportation Service | ADHIKARI SAMIKH TRADE SUPPLY, KATHMANDU | NRs.17,26,100/- |
| L/PHLMC/ NCB/GOODS-2/2082-083 | The Procurement of Antihemophilic Factor | BLC GLOBAL LOGISTIC PVT.LTD., KATHMANDU | NRs.24,28,125/- |

**PHLMC, Butwal**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



इट्टा बनाउँदै श्रमिक

दाङको घोराही उप-महानगरपालिका-१७ क्वाडीस्थित मनकामना इट्टा उद्योगमा इट्टा बनाउँदै श्रमिक। इट्टा उत्पादनका लागि पहिला भारतीय मजदुरमा निर्भर हुनुपर्थ्यो भने हाल स्थानीय जनशक्तिले काम गर्न थालेपछि उद्योग सञ्चालन गर्न सहज भएको इट्टा व्यवसायी बताउँछन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# लुम्बिनी सरकारद्वारा विभिन्न निर्णय




बुटवल। लुम्बिनी प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न ७ वटा महत्वपूर्ण निर्णय गरेको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले पेश गरेको बाधा अड्काउ फुकाउसम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ।

सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११९ को अधिकार प्रयोग गरी प्रदेश सरकारले बाधा अड्काउ फुकुवागरी निर्देशनालयले गर्नुपर्ने अत्यावश्यक कार्य निर्देशनालय गठन नभएसम्मका लागि उद्योग, पर्यटन तथा यातायात मन्त्रालयबाट सम्पादन गर्ने गरी निर्णय गरिएको हो। सो मन्त्रालयकै तर्फबाट लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न अनुमति दिने निर्णय भएको भौतिक पूर्वाधार तथा विकास मन्त्री भूमिश्वर ढकालले जानकारी दिए। कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पेश गरेको प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेश सभामा पठाउन बैठकले स्वीकृति प्रदान गरेको छ।

सामाजिक विकास मन्त्रालयबाट दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तथा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमसम्बन्धी कार्यविधि, २०८२ पनि बैठकले पारित गरेको छ।

यस्तै बैठकले भीम अस्पतालमा सरुवा भएका कन्सल्टेन्ट डेन्टल सर्जन डा. वर्षा थापालाई मेडिकल सुपरिन्टेन्डेन्टको जिम्मेवारी दिने निर्णय गरेको छ।

त्यस्तै शिवराज नगरपालिकाको हाटबजार व्यवस्थापनका लागि जग्गा प्राप्तिमा सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय पनि भएको छ।

# क्वीज हन्टमा दोस्रो भएका विद्यार्थीलाई सुनवल युनाइटेडको सम्मान



सुनवल। नवलपरासीको सुनवल ४ स्थितसुनवल युनाइटेड अंग्रेजी आवासीय माविबाट जिसन नवलपरासीद्वारा आयोजित बेसिक लेभल क्वीज हन्टमा सहभागी भई द्वितीय स्थान हासिल गर्न सफल विद्यार्थीहरु सक्षम रेग्मी, आरुष सुनाम र प्रियन्सा कंडेललाई विद्यालयले सम्मान गरेको छ।

मंसिर ५ गते जिसनको आयोजनामा २५ वटा विद्यालयहरुको सहभागितामा बर्दघाटमा सम्पन्न हाजिरीजवाफ प्रतियोगितामा विद्यालयले दोस्रो स्थान हासिल गर्न सफल भएको थियो। प्रतियोगितामा भएका विभिन्न प्रतिस्पर्धात्मक चरणहरु पार पर्दै विद्यार्थीहरुले यो सफलता हात पार्न सक्षम भएकोमा विद्यालयका प्रिन्सिपल धनराज चापागाईंले खुशी व्यक्त गर्दै विद्यार्थीहरुको सफलता नै विद्यालयको गरिमा उच्च बनाउने आधार भएको बताए।

विद्यालयले अतिरिक्त क्रियाकलाप, खेलकुद र शैक्षिक क्षेत्रमा नगर, जिल्ला, प्रदेश राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरुमा समेत पटक-पटक विजेता बन्दै इतिहास कायम गर्न सफल भएको प्राचार्य चापागाइंले बताए।

विद्यार्थीहरुको क्षमता र रुचीअनुसारका क्रियाकलापमा सहभागी गराई उनीहरुलाई तालिम प्रदान गर्दै अगाडि बढाउने पद्धति रहेको हुँदा विद्यार्थीहरु हरेक क्षेत्रमा अब्बल बन्दै गइरहेको कुरा चापागाईंले जनाए।

# झाडी सरसफाइ नहुँदा दुर्घटनाको जोखिम

गुल्मी। मदन भण्डारी राजमार्गअन्तर्गत गुल्मी खण्डका सडक किनारका झाडी सरसफाइ नहुँदा दुर्घटनाको जोखिम बढेको छ। जिल्ला सदरमुकाम तम्घासबाट सिमटारीसम्म पर्ने उक्त पक्की सडक किनारमा घाँस, स-साना रुख, बिरुवा र पातपतिङ्ग उम्रिँदा दुर्घटनाको जोखिम बढेको हो। अहिले सडकको छेउकुनामा घाँस, रुख, बिरुवा उम्रने, पातपतिङ्गर ढलमा गएर जम्मा हुनेलगायत समस्या देखिएको छ। ढल तथा नाला व्यवस्थापन नहुँदा वर्षायाममा पानी नालीबाट नभई सडकबाट बग्दा बिचबिचमा खाल्डा परेका छन्।

वर्षायाममा गएको पहिरो र बाढीले बगाएर ल्याएको फोहर सफा नगर्दा सडक साघुँरिँदै गएको स्थानीय बताउँछन्। तम्घासबाट सिमलटारीसम्म पाँच मिटर चौडाइको २८ किमी उक्त सडक छ वर्षअघि विसं २०७६ मा स्तरोन्नति गरिएको थियो। कुल रु ८७ करोड ९१ लाख रकममा निर्माण गरिएको उक्त सडकबाट पुर्कोट दह, प्यूठानलगायत स्थान पुग्ने सवारीसाधन सञ्चालन हुन्छन्।

अहिले सडकको छेउकुनाबाट घाँसपात, स-साना रुख, पातपतिङ्गर पलाउँदा सडकको सौन्दर्य मेटिन थालेको इस्मा गाउँपालिका-६ का सुजन विष्टले बताए। "दुईतर्फी सवारी सञ्चालन हुनुपर्नेमा सडक साँघुरिँदा एकतर्फी मात्र सञ्चालन भइरहेको छ", उनले भने-"सोही कारणले सडक दुर्गन्धित हुनुका साथै दुर्घटनाको जोखिम पनि बढ्दै गएको छ।" उनले वर्षायाममा गएको पहिरो र बाढीले बगाएको फोहर नहटाउँदा सडक साँघुरिएको बताए। सडकको माथिबाट आएको पहिरोले साँघुरो भएको भन्दै सम्बन्धित निकायले ध्यान नदिँदा समस्या बढ्दै गएको उनको भनाइ छ।

धुर्कोट गाउँपालिका-५ का गणेश पाण्डेले सडकमा गएको पहिरो र छेउछेउमा उम्रिएका घाँसपात हटाएर सफा गर्न सरोकार भएका निकायलाई आग्रह गरे। "सडक सफा गरे दुइतर्फी सवारी सञ्चालनमा सजिलो हुन्थ्यो, हामी मोटरसाइकल लिएर हिड्नेलाई पनि सजिलो हुन्थ्यो।"-उनले भने। सोही राजमार्गमा सवारी व्यवसाय सञ्चालन गर्दै आएका चालक राजु खत्रीले सडकमा भएको लापरबाहीले गर्दा तोकेको समयमा यात्रुलाई सम्बन्धित गन्तव्यमा पुऱ्याउन नसकिएको गुनासो गरे। उम्रिएका घाँसपात सफा नगर्नु, वर्षायाममा गएको पहिरो नहटाउनु, सडकको बिचमा परेका खाल्डाखुल्डीको व्यवस्थापन नगर्नुलगायत कारणले यात्रु र सवारी धनी दुवैलाई यात्रामा सास्ती हुने गरेको उनको भनाइ छ।

बिरामीलाई समयमा अस्पताल पुऱ्याउनुपर्नेमा कहिलेकाँही सडक साँघुरो भएकाले कारण बाधा हुँदै आएको खत्रीले बताए। सडकमा भएका खाल्डाखुल्डीले सवारीसाधन बिग्रने समस्या देखिन थालेको उनको भनाइ छ। तम्घासबाट सिमलटारीसम्म २८ किमीअन्तर्गत रेसुङ्गा नगरपालिका, धुर्कोट गाउँपालिका, इस्मा गाउँपालिका र मालिका गाउँपालिका पर्दछन्। उक्त खण्ड भएर ती पालिकाका साथसाथै मदाने गाउँपालिका- ढोरपाटन हुँदै प्यूठानसम्मका दैनिक सयौँ सवारीसाधन र हजारौँ नागरिकले यात्रा गर्छन्।

सडकको स्वामित्व पाएको मदन भण्डारी राजमार्ग, गुल्मीले उक्त खण्डमा दुई जना कामदार खटाएर काम भइरहेको जनाएको छ। कामदार पर्याप्त नहुँदा उनीहरूले निश्चित क्षेत्रमा काम गरे पनि सबैतिर सफाइ नभएको स्थानीयको गुनासो छ।

# माओवादी केन्द्र रूपन्देही एकताको पक्षमा




बुटवल। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रुपन्देही जिल्ला समन्वय समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु पार्टी एकताको पक्षमा उभिएका छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रुपन्देही जिल्ला समन्वय समितिको आइतबार मणिग्राममा बसेको दशौं पूर्ण बैठकले पार्टीले तय गरेको कार्यदिशालाई आत्मसाथ गर्दै एकताको पक्षमा उभिने निर्णय गरेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) जिल्ला समन्वय समिति रुपन्देहीका संयोजक नारायण जिसी (निर्मल)ले जानकारी दिए। पार्टीको १६ वटै पालिका, क्षेत्र र जनवर्गीय संगठनका नेताहरु सहभागी बैठकलाई सम्बोधन गर्दै विघटिठ नेकपा (माओवादी केन्द्र)का केन्द्रीय नेता एवं पूर्वमन्त्री समेत रहेका चक्रपाणी खनाल (बलदेव)ले नेकपा (माओवादी केन्द्र), नेकपा (समाजवादी) लगायत अन्य कम्युनिष्ट पार्टीहरुको एकतापछि बनेको नेपाली कम्युनिष्ट पार्टीमा बिना संकोच लाग्न आग्रह गरेका छन्।

संकिर्ण सोंचबाट माथि उठेर पार्टी एकताको पक्षमा उभिन उनले पार्टीका नेता तथा कार्यकर्ताहरुलाई निर्देशन समेत दिएका छन्। बैठकमा बोल्दै खनालले जनार्दन शर्मा तर्फ इङ्गित गर्दै पार्टी एकता र विचार निर्माणको क्रममा छुट्ने र जुट्ने क्रम चल्ने भन्दै उनले पार्टी छोडेर हिँड्नेहरुको गन्तव्य टाढा नरहेको समेत जिकिर गरे।

अहिलेसम्म पार्टी छोडेर गएकाहरु केही वर्ष बाहिर हल्लिएर पार्टीमा फर्केको इतिहास रहेको बताउँदै खनालले देश गम्भिर संकटमा रहेको बेला एक ढिक्का हुनुपर्ने पार्टी छोडेर बरालिनेहरुलाई गाली र टिप्पणी गर्न आवश्यक नरहेको बताए। बैठकलाई नेकपा (माओवादी केन्द्र)का नेताहरु सुदर्शन बराल, हकिउल्ला खाँ रामु परियार, सोनिया यादवलगायतका नेताहरुले सम्बोधन गरेका थिए।

एकतापछिको नयाँ दल नेपाली कम्युनिष्ट पार्टीको यही मंसिर १३ गते दाङको लमहीमा लुम्बिनी प्रदेशस्तरीय एकता घोषणासभा हुनु अगाडि बसेको नेकपा माओवादी केन्द्र रुपन्देहीको अन्तिम बैठकले सो सभालाई सफल बनाउनका लागि रुपन्देहीबाट उल्लेख्य रुपमा जनसहभागिता जनाउने निर्णय समेत गरेको संयोजक नारायण जिसीले जानकारी दिए।




अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्य रुपमा मनाऔं,
समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं।

नेपाल सरकार विज्ञापन बोर्ड




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com